# ग्रामीण गरिबी घटाउन जडीबुटीको महत्वः डोल्पा जिल्लाको अनुभव

चेतनाथ कणेल हरित

## ग्रामीण क्षेत्र- गरिबी क्षेत्र

नेपालको ग्रामीण क्षेत्र राष्ट्रको खास बसोबास क्षेत्र हो । करिब ८५ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रले नै समेटेको परिप्रेक्ष्यमा जबसम्म ग्रामीण सम्पन्नता भित्रिन सक्तैन, तबसम्म नेपालको समग्र सम्पन्नताको परिकल्पना गर्नु निरर्थक हुन्छ । ग्रामीण बस्तीहरुमा गरिबी रहेसम्म राष्ट्रबाट गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्य पूरा हुन सक्दैन । यस अर्थमा हामीले गरिबी निवारण गर्ने उद्देश्यबाट थाल्ने कुनै पनि परियोजना वा कार्यक्रमको मूल केन्द्र भनेको ग्रामीण क्षेत्र नै हुनुपर्छ भन्ने स्पष्ट हुन्छ ।

नेपालको कृषिप्रधान अर्थतन्त्रमा वन सम्पदाको महत्वपूर्ण स्थान रहिआएको छ । झण्डै ८० प्रतिशत जनसङ्ख्या कृषि पेशामा प्रत्यक्षरुपमा आश्रित रहेको र नेपालको कृषि-प्रणाली पूर्ण रुपमा वनजंगलसँग गाँसिएको हुँदा वन विनाको कृषि-प्रणाली सोच्न समेत सकिँदैन । नेपालको वनजन्य स्रोतले कृषि प्रणालीलाई दिगो बनाइराख्न सदीयौंदेखि अन्योन्याश्रित सम्बन्ध-सूत्रको काम गरिरहेको छ । कृषिसँग प्रत्यक्ष गाँसिएको र दैनिक आवश्यक पर्ने इन्धन-आपूर्तिको मूल-स्रोत भएकै कारणबाट ग्रामीण जनताले वन विनाको जीवन-निर्वाह पूर्णतः अधुरो देख्ने गर्छन् । त्यसैले पनि नेपालको खिइँदै गएको वनस्रोतलाई पुनः सम्बर्द्धन र संरक्षण गर्न विगत २५ वर्षदेखि सामुदायिक वन अभियान विश्वभर छुट्टै पहिचान पाउने गरी सफलता पूर्वक अगाडि बढिरहेको छ ।

नेपालको कृषि निर्वाहमुखी प्रक्रियाबाटै अगाडि बढिरहेको छ । खेती प्रणालीमा वैज्ञानिक उपायको अवलम्बन कम हुनु, जनसङ्ख्याको वृद्धिसँगै जमिन खण्डीकरण हुँदै जानु, जमिनको उर्वराशक्तिमा ह्रास आउने प्रक्रिया बढ्दै जानु, कृषिमा श्रम खर्च गर्ने प्रवृत्ति घट्दै जानु, पशुपालनका लागि यथेष्ट आहार नहुनु र घट्दो पशुपालनबाट पशुमल उत्पादन पनि घट्दै जानु, भिराला पाखामा खोरिया फँडानी, गह्रासुधार विनाको खेती प्रणालीले कृषि भूमिहरु भूक्षयग्रस्त बन्दै जानु जस्ता दर्जनौं कारणहरुले गर्दा कृषिमा आश्रित घरपरिवारहरुको जीवनस्तरमा सुधार आउनुको सट्टा सामान्य जीवन-निर्वाह गर्न समेत कठिन भएको छ । त्यसैले ग्रामीण जनताको जीवन निर्वाहका लागि वैकल्पिक स्रोतका रुपमा वनजङ्गलमा प्राप्त हुने जडीबुटीहरु महत्वपूर्ण देखिन्छन् ।

## जडीबुटीहरुको विविधता

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै खासगरी हिमाली, पहाडी, तराई र चुरेक्षेत्रका जङ्गलहरुमा झण्डै ७०० प्रकारका जडीबुटीहरु पाइने कुरा वनस्पति विद्हरु बताउँछन् । तल्लो पहाडी क्षेत्रमा पाइने अमला, हर्रो, बर्रो, मजिठोदेखि माथिल्लो पहाडी तथा हिमाली क्षेत्रमा उपलब्ध हुने चिराइतो, कुट्की, यार्सागुम्बा, जटामसी, पाँचऔंले, अतिश, पदमचाल जस्ता दर्जनौं प्रकारका जडीबुटीहरुले एकातिर हाम्रा गाउँठाउँमा प्रचलित परम्परागत उपचार पद्धतिमा (आम्ची, धामी-झाँक्री, वैद्य आदि) अति महत्वपूर्ण भूमिका खेलेका छन् भने अर्कोतर्फ अन्तर्राष्ट्रिय व्यापारद्वारा विदेशी मुद्रा आर्जन गर्नमा भरपर्दो माध्यमका रुपमा स्थापित भएका छन् । जडीबुटीका दृष्टिकोणले धनी अञ्चल कर्णालीका डोल्पा, जुम्ला, हुम्ला र मुगु जिल्लामा माथि उल्लिखित हिमाली जडीबुटीहरु प्रशस्त मात्रामा पाइन्छन् । विश्व वन्यजन्तु कोषद्वारा प्रकाशित एक तथ्याङ्क अनुसार कर्णाली क्षेत्रमा त्यहाँका आम्चीहरुले २०० प्रजातिका वनस्पति औषधोपचारमा प्रयोग गर्ने गरेका छन् । ती मध्ये १८ थरी जडीबुटीको व्यापकरुपमा किनबेच र निकासी हुने गर्छ । यस क्षेत्रमा किनबेच हुने जडीबुटीहरुमध्ये यार्सागुम्बा (यसलाई यार्साकुम्भु, यार्चागुम्भु,

जीवनबुटी, कीरो जस्ता विभिन्न नामले पनि स्थानीयस्तरमा चिन्ने गरिन्छ) अत्यन्तै मूल्यवान जडीबुटी मानिन्छ । यार्सागुम्बाले पाउने मूल्यका आधारमा यो जडीबुटी 'अब्बल दर्जाको जडीबुटी' हो भन्दा फरक पर्दैन ।

## डोल्पाको विशेष प्रसङ्ग

हिमाली जिल्लाको रुपमा परिचित डोल्पाको कूल क्षेत्रफल ७,९३२.३ वर्ग कि.मि. छ जुन अधिराज्यको कूल क्षेत्रफलको ५.३८% हुन आउँछ । वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लाको जनसङ्ख्या २९,६५३ छ । क्षेत्रफल यति धेरै र जनसङ्ख्या यति थोरै भए पनि कृषि-उत्पादनका दृष्टिले डोल्पा अत्यन्तै विपन्न मानिन्छ । डोल्पाको कृषि-प्रणाली कोट्याउँदा यस्तो लाग्छ कि डोल्पाले कृषिबाट आफ्नो गुजारा धान्न न अहिले सक्छ, न पछि नै सक्नेछ । विकट उच्च हिमाली भौगोलिक बनोट, वर्षा कम हुने, भिरालो जमिन, भूक्षय र पहिरोको तीब्र समस्या जस्ता कारणले डोल्पामा अन्न, दलहन जस्ता कृषि-बाली उत्पादनको संभावनालाई विस्तार गर्न एकदमै कठिन छ । करिब एक प्रतिशत भूमिमा मात्र डोल्पालीहरुले कृषिजन्य बाली लगाउने गरेका छन् जसले २-४ महिनाको खाद्यान्न आवश्यकता पनि पूरा गर्न सक्दैन । समग्र कर्णाली अञ्चलकै कुल आयस्रोत स्थिति केलाउँदा कृषिबाट लगभग ५० प्रतिशतमात्र आय धानिने कुरा सन् १९९८ मा एस.एन.भी नेपालले गरेको अध्ययनले औंल्याएको छ । तर डोल्पाको कृषि क्षेत्रबाट हुने कूल आय समग्र कर्णाली क्षेत्रको औसतभन्दा पनि कम छ । जिल्ला विकास समिति डोल्पाले २०५९ मा प्रस्तुत गरेको तथ्याङ्क अनुसार डोल्पालीहरुको सरदर प्रतिव्यक्ति वार्षिक आय १२ हजार ५ सय २१ रुपैयाँ छ । उक्त तथ्याङ्क अनुसार कृषिको योगदान ३३ प्रतिशत, पशुपालनको योगदान ३३ प्रतिशत र अन्य क्षेत्र (फलफूल खेती, घरेलु उद्योग, वन, गैह्रकाष्ठ वन पैदावार, पर्यटन व्यवसाय आदि) को योगदान ३४ प्रतिशत देखाइएको छ । डोल्पा जिल्लामा गैह्रकाष्ठ वन पैदावारले कुल आयको कति प्रतिशत अंश ओगट्छ भन्ने कुराको एकीन तथ्याङ्क उपलब्ध नभएता पनि समग्र कर्णाली अञ्चलको यो अंश १७.६ प्रतिशत देखिएको आधारमा डोल्पाको त्योभन्दा पनि बढी (करिब २५%) भएको सहजै अनुमान लगाउन सकिन्छ ।

डोल्पाको सबैभन्दा ठूलो समस्या गरिबी हो (जिविस-डोल्पा, २०५९) । यस जिल्लामा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ७० प्रतिशत रहेको बताइन्छ । सन् १९९६ मा नेपालीहरुको राष्ट्रिय वार्षिक प्रतिव्यक्ति आय रु. ७,६७३/- हुँदा डोल्पाबासीको प्रतिव्यक्ति आय रु. ४,९८१/- मात्र हुनुले पनि डोल्पाको गरिबी कुन हदमा छ भन्ने देखाउँछ । जिल्ला कृषि विकास कार्यालय डोल्पाको २०५७ सालको तथ्याङ्क अनुसार कृषि उत्पादनको आधारमा डोल्पाबासीहरु ५ प्रतिशत भूमिहीन, २० प्रतिशत आफ्नो जमिनबाट ३ महिनासम्म खान पुग्ने, ५० प्रतिशत आफ्नो जमिनबाट ६ महिनासम्म खान पुग्ने, १५ प्रतिशत आफ्नो जमिनबाट ९ महिनासम्म खान पुग्ने र बाँकी १० प्रतिशतमात्र आफ्नो जमिनबाट १२ महिनासम्म खान पुग्ने छन् । समग्रमा हेर्दा डोल्पाका ५० प्रतिशत जनताहरु गरिब र २५ प्रतिशत जनताहरु अति गरिब वर्गमा पर्दछन् । आफ्नै ठाउँमा उब्जेको अन्नले ४-५ महिना पनि धान्ने स्थिति नभएकै कारण डोल्पा जिल्लाले बर्षौंदेखि श्री ५ को सरकारको खाद्यान्न अनुदानमा भर पर्नुपर्ने स्थिति भोग्दै आएको छ । बढ्दो जनसङ्ख्यासँगै डोल्पामा आयात हुने खाद्यान्नको परिमाण पनि बढ्दै गएको छ । एक वर्षमा कम्तीमा ६ हजार क्विन्टल खाद्यान्न डोल्पा भित्रिने गरेको सरकारी तथ्याङ्क छ । यसरी भित्रिएको खाद्यन्न किन्नका लागि आवश्यक आर्थिक स्रोत समेत स्थानीय जनताले जटीबुटी बिक्रीबाट आर्जन गर्दछन् ।

## डोल्पाको जीवनदायी जिनिस यार्सागुम्बाको अब्बल दर्जाको योगदान

प्रकृतिको वरदानस्वरुप प्राप्त अमूल्य जडीबुटी भण्डारको उचित सदुपयोग र व्यवस्थापन नै डोल्पाको भविष्य अर्थात् गरिबी न्यूनीकरणका लागि दह्रिलो विकल्प बन्न जाने कुरामा दुईमत छैन । डोल्पाका २३ ओटै गाविसमा केही न केही प्रकारका जडीबुटी धेर थोरमात्रामा पाइन्छन् । खासगरी माझफाल, जुफाल, दुनै, लिँकु, पहाडा, ल्हाँ, सर्मी, नर्कु, कालिका, रिमी, काइगाउँ, साल्दाङ, धो, लावन, शहरतारा, मुकोट,

फोक्सुण्डो, तिन्जे, छार्का, भिजेर र रह गाविसमा बढीमात्रामा जडीबुटीहरु पाइने कुरा जिल्ला विकास समितिले आवधिक जिल्ला विकास योजनामा उल्लेख गरेको छ। जडीबुटीको सिजनमा प्रायः डोल्पालीहरु जडीबुटी सङ्कलन, प्रशोधन, ढुवानी, खरीद र बिक्री जस्ता कुनै न कुनै कारोबारमा संलग्न रहने हुनाले जडीबुटीबाट हुने आम्दानीको कुनै न कुनै अंश डोल्पाका अधिकांश गाविसहरु र ग्रामीण बासिन्दामा पुग्ने गर्छ। जडीबुटीको व्यापार तथ्याङ्क केलाउने हो भने डोल्पाले एक वर्षमै झण्डै १५ देखि २० करोड रुपैयाँको यार्सागुम्बा बिक्री गर्छ (श्रेष्ठ, २०६१)। यसमा गुच्चीच्याउ, सिलाजित, अतिश, पाँचऔंलेजस्ता थुप्रै जडीबुटीहरुको व्यापारबाट हुने आय जोड्ने हो भने कम्तीमा २५ देखि ३० करोड रुपैयाँ हुनजान्छ। डोल्पाको जडीबुटीको निकासी तथा व्यापारको आधिकारिक तथ्याङ्क पाउन निकै कठिन छ। कर्णाली अञ्चलबाट तिब्बती नाका हुँदै राजस्व नतिरी करोडौंको जडीबुटी अवैधरुपमा निकासी हुने गरेको चर्चा-परिचर्चा हामीले नियमितरुपमै पत्र-पत्रिकामा पढ्ने गरेकै हो। आधिकारिक तथ्याङ्कलाई मात्र आधार मान्ने हो भने पनि जडीबुटीहरुमा अब्बल दर्जा मानिने जीवनबुटी यार्सागुम्बाबाट डोल्पाले वर्षको कम्तीमा अढाइदेखि ३ करोड रुपैयाँ भित्र्याउँछ।

यार्सागुम्बाको सङ्कलन तथा बिक्री सिजन खासगरी बैशाखदेखि भदौसम्म मानिन्छ। यस सिजनमा डोल्पाका जुफाल, दुनै लगायतका व्यापारिक केन्द्रहरुमा हेर्‍यो भने थाहा हुन्छ- यार्सागुम्बाले भित्र्याएको आम्दानीले ल्याएको क्षणिक मस्तीमय जीवनशैली! हात-हातमा बेट्रीबाट चल्ने क्यासेटप्लेयरबाट ठूलोठूलो स्वरमा गीत बजाउँदै बियर र ह्विस्की पिउदै 'मस्ती' लिने युवा-जमात ठाउँ ठाउँमा देख्न सकिन्छ। डोल्पालीहरु यसलाई 'यार्सागुम्बाको करामत' अर्थात् 'कीराको कमाल' भन्ने गर्छन्। त्यस्तो सिजनमा डोल्पामा विद्यालयहरु शून्य हुन्छन्, जिल्लाबाहिर जाने काम ठप्प हुन्छ र अधिकांश घरहरु मान्छे विहीन हुन्छन्। यार्सागुम्बा सङ्कलनका लागि हप्तौंको बास जङ्गलमा नै हुन्छ र यो बेला सातु, चाउचाउ जस्ता सुख्खा खानाबाटै डोल्पालीहरुले 'जङ्गली-जीवनको' अनुभव गर्छन् (कणेल, २००४)। चाउचाउ र अन्य खाद्य सामग्रीहरु बिक्री गर्नेहरु पनि अस्थायी शिविर जंगलमै बसाएर हप्तौं व्यापार चलाउँछन्। तत्कालका लागि कसैकसैले त 'एउटा चाउचाउ बराबर एउटा यार्सागुम्बा' को सटही कारोबार पनि त्यहीं यार्सा-जङ्गलमै गर्छन्।

समग्रमा हेर्दा यार्सागुम्वा डोल्पालीहरुको साँच्चिकै 'जीवनदायी जिनिस' बनेता पनि यसबाट हुने आम्दानी अझै पनि सही काममा परिचालन गर्ने प्रवृत्ति भने डोल्पाली युवाहरुमा कमै छ। यसको लागि यार्सागुम्बाबाट हुने आम्दानीमा महिलाहरुको पहुँच र नियन्त्रण बढाउनुपर्ने, सही र जीवनोपयोगी कार्यमा खर्च गर्ने बानी विकासका लागि यथाशीघ्र सचेतना दिनुपर्ने कुरा बताउनु हुन्छ डोल्पा दुनैका विकासकर्मी रोशन हमाल।

## यार्सागुम्बासाग गासिएको राजस्वको सवाल र बजारीकरण- जोखिम व्यवस्थापन

वि.सं. २०५८ माघसम्म पूर्ण प्रतिबन्ध लागेको यार्सागुम्बामा श्री ५ को सरकारले प्रतिकिलो २० हजार रुपैयाँ राजस्व लिएर सङ्कलन र व्यापार खुला गरेदेखि नै यसको सङ्कलन र निकासी-व्यापार निक्कै फस्टाएता पनि महङ्गो राजस्व तिर्नेतर्फभन्दा लुकिछिपी व्यापार गर्नेतर्फ नै धेरै यार्सागुम्बा व्यापारी सक्रिय रहेको पाइन्छ। यो वर्ष (२०६१) डोल्पा जिल्ला वन कार्यालयमा यार्सागुम्बाबाट झण्डै २० लाख मात्र राजस्व सङ्कलन हुनुले पनि यस कुराको पुष्टि गर्दछ। 'राजस्वदर ज्यादै धेरै भयो, यो नघटाएसम्म चोरी निकासी यथावत नै रहनेछ' धेरै डोल्पालीहरुको भनाइ यस्तै रहेको पाइयो। प्रतिगोटा ५५ देखि ७५ रुपैयाँ र प्रतिकिलो १ लाखदेखि डेढलाख रुपैयाँसम्ममा बिक्री हुने यार्सागुम्बाको राजस्वदर प्रतिकिलो ५-६ हजार रुपैयाँमात्र हुनुपर्ने उनीहरुको राय छ। जडीबुटीकर्मीहरु पनि यस विचारसँग सहमत भएको पाइन्छ। सुनिन्छ, श्री ५ को सरकार/वन विभाग पनि यही जनगुनासोको आधारमा हाल यार्सागुम्बाको राजस्वदर घटाउनेतर्फ गृहकार्य गर्दैछ।

नेपालको उत्तरी सीमाका नाकाहरु हुँदै वर्षेनी करोडौं रुपैयाँ बराबरको यार्सागुम्बा चीनतर्फ जाने गरेता पनि त्यहीं नै खपत हुन्छ कि त्यहाँबाट पनि पुनर्निर्यात हुन्छ भन्ने कुरा अझै अध्ययनकै विषय छ । दक्षिणी नाकाहरु र त्रिभुवन विमानस्थलबाट नगन्य मात्रामा मात्र यार्सागुम्बा बाहिरिने गर्छ । अतः राजस्व-प्रक्रियालाई सुदृढ बनाई यार्सागुम्बाको कारोबारलाई वैधानिक बनाउनमा तिब्बती (चीन) सरकारको सहयोग पनि अपेक्षित रहन सक्छ ।

यसको वैज्ञानिक/व्यवस्थित सङ्कलन गर्ने परिपाटी बसेन भने छिट्टै लोप भएर पो जाने हो कि भन्ने तर्फ हालसम्म कमैको ध्यान पुगेको छ । यार्सागुम्बाको वानस्पतिक अध्ययन-अनुसन्धान हुन नसक्दा यसको खेतीपाती तर्फ पनि अहिलेसम्म कुनै पहल भएको पाइँदैन । यौनबर्द्धक औषधीको रुपमा यार्सागुम्बा प्रयोग हुन्छ भन्ने नेपालीले सुनेता पनि कुन-कुन प्रयोजनका लागि यो विदेश जाने गर्छ भन्ने कुराको विस्तृत विवरण भने पाइँदैन ।

## गरिबमुखी सरकारी तथा गैह्रसरकारी संस्थाको भूमिका

वर्षको १५-२० करोड रुपैयाँ एउटा जिल्लामा एउटै जडीबुटीबाट भित्रिनु भनेको चानचुने कुरा होइन । करिब ३० हजार जनसङ्ख्या रहेको जिल्लामा यो आम्दानीले ठूलै प्रभाव पार्न सक्छ । कृषि-उत्पादनबाट जीवन भरथेग हुन नसके पनि जडीबुटी व्यापारबाट यसको संभावना अपार देखिन्छ । जडीबुटी सङ्कलनमा सम्पन्नहरुभन्दा विपन्नहरुकै बढी सहभागिता हुने हुँदा जडीबुटी कारोवारलाई अझ व्यवस्थित, दिगो र भरपर्दो बनाउन सकेमा डोल्पाको मात्र होइन 'जडीबुटी अञ्चल' को रुपमा चिनिने सारा कर्णाली क्षेत्रकै गरिबहरु र विपन्नहरुको जीवनस्तर सुधार्नमा उल्लेख्य योगदान पुग्न जाने निश्चित छ । तर यस खेतीप्रति जनउत्साह बढाउनका लागि बजार- व्यवस्थाको सुनिश्चित र भैपरी आउनसक्ने बजारीकरण-जोखिम व्यवस्थापनमा सरकारी तथा गैह्रसरकारी संस्थाको सहयोग सबैभन्दा महत्वपूर्ण हुन आउँछ ।

## सन्दर्भ सामग्री


जिविस डोल्पा (२०५९), *जिल्ला आवधिक योजना (२०५९/६०-२०६३/६४)*

Kanel, Chet Nath (2004), Dolpa: A Unique Tourist Site, *Tourism News Digest*, October, 2004.

श्रेष्ठ, डा. तीर्थबहादुर (२०६१), जडीबुटी, *हिमाल खबरपत्रिका*, १-१५ माघ


(लेखक स्रोत व्यवस्थापनविद् हुनुहुन्छ)